नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
# श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, नेपाल

प.सं. ०८३/८४
च.नं.

मितिः २०८३/०६/०८

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं

## गुनासो, समस्या तथा सुझाव सम्बन्धी सूचना

श्री बौद्धनाथ क्षेत्र विकास समिति UNESCO विश्व सम्पदा सूचिमा सूचिकृत बौद्ध महाचैत्य सम्पदा क्षेत्रको संरक्षण , व्यवस्थापन तथा विकाससँग सम्बन्धित कार्य गर्ने संस्था हो ।

बौद्ध महाचैत्य क्षेत्रको संरक्षण, व्यवस्थापन, सरसफाइ, सेवा-सुविधा लगायतका विषयमा सर्वसाधारण , तीर्थयात्री, पर्यटक तथा सम्बन्धित सरोकारवालाबाट प्राप्त हुने गुनासो, समस्य, उजुरी तथा सुझावहरुलाई व्यवस्थित रुपमा प्राप्त गरी आवश्यक सम्बोधन गर्न श्री बौद्धनाथ क्षेत्र विकास समितिले आधिकारिक रुपमा **Whatsapp** तथा **Viber** सम्पर्क नम्बर सार्वजनिक गरेको साथै समितिको आधिकारीक वेभसाइट **www.boudhanath.gov.np** मा समेत **Complaint Management System** को व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

बौद्ध महाचैत्य क्षेत्रसँग सम्बन्धित कुनै समस्या, गुनासो, उजुरी, सुझाव वा सुधार गर्नुपर्ने विषय भएमा निम्न आधिकारिक सम्पर्क माध्यममार्फत जानकारी गराउन सकिनेछ ।

**Whatsapp/Viber : +977 9745626655**

**boudhanath.gov.np/problems**

प्राप्त गुनासो तथा सुझावहरुलाई आवश्यकता अनुसार सम्बन्धित शाखामा पठाई प्रचलित कानून तथा समितिको कार्यक्षेत्रभित्र रही आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

बौद्ध महाचैत्य विश्व सम्पदा क्षेत्रको संरक्षण, स्वच्छता, सुन्दरता तथा व्यवस्थित व्यवस्थापनमा यहाँहरुको सुझाव, सहयोग र सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

.............................
नुर्बु शेर्पा
कार्यकारी निर्देशक

कार्यकारी निर्देशक
श्री बौद्धनाथ क्षेत्र विकास समिति